


# हिमाली गाउँपालिका

## हिमाली गाउँकार्यपालिकाको कार्यालय

धुलाचौर, बाजुरा

## आ.व. २०८२/०८३

# वार्षिक नीति तथा कार्यक्रम

२०८२ साल असार ९ गते

हिमाली गाउँपालिका
आर्थिक वर्ष २०८२ /०८३ को नीति तथा कार्यक्रम
"स्वास्थ्य, शिक्षा, कृषि, जडिवुटी, पर्यटन, जलस्रोत र पूर्वाधार
औद्योगिकरण, सुशासन र गरिवी निवारण समृद्ध हिमालीको आधार"

गाउँपालिका उपाध्यक्ष,
गाउँ सभाका सदस्यहरु,
प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्र सेवक कर्मचारीहरु, शिक्षक तथा विभिन्न पेशा व्यवसायमा सम्वद्ध पेशाकर्मी साथीहरु
हिमाली गाउँपालिकाका नागरिक अगुवा, पत्रकार साथै सम्पूर्ण गाउँपालिकाबासी आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरु साथै सुरक्षाकर्मी एवं पत्रकार मित्रहरु,

हाम्रो संविधानले निदृष्ट गरे वमोजिम हाम्रो हिमाली गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम आज समय तालिका मै रहेर प्रस्तुत गर्न चाहान्छु । १६ औ गाउँसभाको यो ऐतिहासिक घडिमा यो अवसर प्रदान गर्नुहुने आम गाउँपालिका वासी प्रति हार्दिक आभार व्यक्त गर्दै खुसि व्यक्त गर्न चाहान्छु। यस गरिमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रम पालिका वासीको खुसी र समृद्धिको दस्तावेजको रुपमा निर्माण हुने विश्वास पनि दिलाउन चाहान्छु । साथै १६ औ गाउँसभाको गरिमालाई उचाइमा पुर्याउन सक्रिय ढंगले भूमिका खेल्नुहुने सम्पूर्ण सभाका सदस्यज्यूहरु, कर्मचारीहरु एव दिनानु दिन सल्लाह सुझाव प्रदान गर्नुहुने गाउँपालिका वासी महानुभावहरु प्रति हार्दिक स्वागत सहित हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।
राज्यको पुर्नसंरचना अनुरुप संघ, प्रदेश र स्थानिय सरकार मध्य जनताको प्रत्यक्ष निगरानी र नियन्त्रण सहित जनताको माझमा रहने सरकारको रुपमा गाउँपालिका सवल र स्थापित वन्दै गएको छ । जनताको अधिकार र समृद्धिको आधारको रुपमा संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना संगै स्थानिय सरकारले भूमिका खेल्यो । जनताको सार्वभौम अधिकार, स्वतन्त्रता सवै प्रकारको विभेद र उत्पीडनको अन्त्य गरि समता मुलक समाज निर्माणको लागी विभिन्न कालखण्डमा भएको संघर्षहरु ऐतिहासिक जनआन्दोलन लगाएत विभिन्न आन्दोलनमा विरगति प्राप्त गर्नुहुने संम्पूण अमर शहिदहरु प्रति हार्दिक श्रदासुमन व्यक्त गर्दछु । आजको यो ऐतिहासिक समारोहको क्रममा शहिद परिवारजन, वेपत्ता परिवारजन प्रति उच्च सम्मान प्रकट गर्दै घाइते योद्धा प्रति शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । अथक प्रयासका साथ आमुल परिवर्तनको लागी नेतृत्व गर्नुहुने राजनैतिक दलको नेतृत्व र जनसमुदाय प्रति हार्दिक आभार सहित सम्मान व्यक्त गर्न चाहान्छु । स्थापनाको आठौ बर्ष पुरा गरि नबौ वर्षमा हाम्रो हिमाली गाउँपालिका लम्किरहेको छ । आज १६ औं गाउँसभा मार्फत आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका छौ । यो महत्वपूर्ण घडिमा संघियताको भावना र मर्म

अनुरुप सरकारलाई जनताको नजिक पुर्याउन विकासमा जनसहभागीता र स्वामीत्वको स्थान सुनिश्चित गर्दै विकास र सेवा आपुर्तिको गति र गुणस्तर वढाउने हाम्रो प्रतिवद्धता छ । संघ, प्रदेश र पालिकाको सोच लक्ष्य र मापदण्डमा रहेर स्थानीय सुसासन गुणस्तरिय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुँच पूर्वाधार निर्माण लक्षित वर्ग र क्षेत्रको आर्थिक सामाजिक सशक्तिकरण समावेशी सहभागीतामुलक योजना साथै रोजगारीको स्थिति सृजना गर्दै सिर्जनात्मक र रचनात्मक ढंगले अगाडी वढ्न चाहान्छु । हाम्रो संघियता सहकारिता मुलक भएकोले सह अस्तित्व सहकार्य र समन्वयको सम्वन्धलाई अक्षुण राख्दै हाम्रो वार्षिक नीति तथा कार्यक्रम एवं १६ औं गाउँसभा हाम्रो पालिकाको लागी एक कोशेढुङ्गा हुने विश्वास व्यक्त गर्न चाहान्छु ।

"स्वास्थ्य, शिक्षा, कृषि, जडिवुटी, पर्यटन, जलस्रोत र पूर्वाधार , औद्योगिकरण, सुशासन र गरिवी निवारण समृद्ध हिमालीको आधार" भन्ने उदेश्य सहित पालिकाको सर्वाङ्गीण विकासको लागी गाउँपालिका परिवार एकरुपताका साथ एकता वद्ध हुदै अगाडी वढिरहेको छ । आर्थिक विकासको क्षेत्र, सामाजिक विकासको क्षेत्र, पुर्वाधार विकासको क्षेत्र, सस्थागत विकास तथा सुशासनको क्षेत्र र वन वातावरण तथा विपद व्यावस्थापनको क्षेत्रमा हाम्रो क्षमता र पालिकाको आवश्यकताको आधारमा वित्तीय श्रोत र साधन परिचालन गरी ठोस योजना निर्माण गरिने छ । हाम्रो हिमाली गाउँपालिका विभिन्न क्षेत्रमा सम्भावना वोकेको पालिका हो । कृषि उत्पादन र पशु पालनमा उल्लेख्य उत्पादन भई निकासी समेत सुरुवात भईरहेको छ । समग्र कृषि क्षेत्रको उत्पादकत्व वृद्धिको लागी अनुदान एवं ढुवानी साधन प्रदान गरि कृषकलाई प्रोत्साहान गर्ने कार्यको थालनी गरिएको छ ।

राष्ट्रिय गौरवको आयोजना कर्णाली करिडोर हाम्रो गाउँपालिका हुँदै जानुले हाम्रो गाउँपालिका लाई राष्ट्रिय सडक संजाल संग जोड्न सहयोग प्रदान गरेको छ भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीय क्षेत्रको रुपमा स्थापित रारा पुग्न समेत यस पालिकाबाट छोटो मार्ग बनेको र कैलाश मानसरोवर जाने सडक संजाल समेत पालिका संग जोडिएर जानु साथै पर्यटकीय भर्जिन प्लेसको रुपमा रानीसैनको चर्चा राष्ट्रिय स्तरमा फैलिनु हाम्रो लागि अत्यन्तै उत्साह र सम्भावनाको मार्ग खुलेको छ ।

सबै खाले हावापानी र प्राकृतिक , सांस्कृतिक विविधताले भरिएको र फलफूल,जडीबुटी, रैथाने वालि साथै हजारौं पशुपालन तथा यस्ता क्षेत्र संग सम्वन्धित उधोग ब्यबशायको प्रचुर सम्भावनाले घेरीएको हाम्रो पालिकाले छुट्टै विशेषता र महत्व बोकेको छ ।

यस गरिमामय गाउँसभा मार्फत आगामी दिनमा यस्ता प्रसस्तै सम्भावनाहरुलाई एकिकृत योजनाका साथ अगाडी वढाउन कत्ति पनि विश्रामको छुट नमानी खुसि र समृद्धि पालिकाको लागी अनवरत लागिरहने छौ ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिकका साथै उत्पादन र उत्पादकत्व एवं पर्यटकीय महत्वका दृष्टिले समेत अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु अझै पनि केही चुनौतीहरु बाँकी नै छन् । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म टेवा पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै भुक्षय नियन्त्रण, विपद र वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा अझै लगानी वृद्धि गरी सडक यातायात लगायत भवन संरचनाहरुको निर्माण, विकास र विस्तार गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हाँसिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने न्यून तथा मध्यम स्तरको मानव विकासको अवस्थालाई सुधार गरी मध्यम तथा उच्च सक्षम व्यक्ति र गतिशिल समाज निर्माण गर्नुका साथै सुखी हिमाली वासी तथा समृद्ध हिमाली गाउँपालिका बनाउने र मानव विकासको बाधकको रुपमा रहेको कुपोषण, गरिवी, हुन सक्ने विपद् जोखिम लगायत अन्य महामारी जस्ता चुनौतीहरु हाम्रो सामु रहेका छन् ।

जनताको आशा र अपेक्षालाई पुरा गर्न हाम्रा पाइलाहरु अझै दह्रो पार्दै गन्तव्य सम्मको यात्रालाई अझै प्रभावकारी बनाउन खारिदै गएको महशुस गरेका छौ । हाम्रो यात्रामा देखिने विभिन्न प्रकारका ज्वार, भाटा एवं यात्रिहरुको असन्तुलित गतिविधिको कारण आशा र अपेक्षाको गन्तव्यमा पुग्न चुनौती हुन सक्छ । इतिहासको रक्षा र वर्तमानको गति वढाउन हामी सवैले आफुलाई कुशल नेतृत्वको रुपमा सक्रिय वनाइ राख्नु पर्ने महसुस गरेका छौ । हामी सवैको प्रयास समग्र क्षेत्रको विकास भन्ने निष्कर्ष सहित समग्र क्षेत्रको रुपान्तरणको रुपमा हाम्रौं यस १६ औ गाउँसभा हुने विश्वास गर्न चाहान्छौं । अघिल्ला वर्षहरुमा झै यस वर्ष पनि निती तथा कार्यक्रम तर्जुमा गर्न लिईएका प्रमुख आधारहरु निम्नानुसार रहेका छन :

आगामी आ.व. २०८२ /०८३ नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः

१. नेपालको संविधान २०७२
२. स्थानीय सरकार संचालन ऐन, २०७४,
३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली २०७६
५. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७
६. स्थानीय तहको बार्षिक योजना तर्जुमा दिग्दर्शन २०७८,
७. राष्ट्रिय, प्रदेश र स्थानीय नीति, आवधिक योजनाहरु, सोच र लक्ष्य,
८. दिगो विकासका लक्ष्य
९. हिमाली गाउँपालिकाका कानुनहरु लगायत प्रचलित कानूनी व्यवस्था,
१०. श्रोत तथा बजेट सीमा निर्धारण समितिको कूल बजेट सीमा तथा बिषयगत सीमा निर्धारण,
११. राजश्व परामर्श समितिको प्रतिवेदन र
१२. हिमाली गाउँपालिकाका बिगत आर्थिक बर्षहरुको अनुभव, सिकाई तथा वस्तुस्थिति ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

सम्मानित सभा सदस्यज्यूहरू अब म यस हिमाली गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१।८२ मा विकास निर्माण तथा सेवा प्रवाहका सन्दर्भमा गरेका मुख्य प्रयासहरुको बारेमा जानकारी गराउन चाहन्छु :

पुर्वधार तर्फः

- वडा नं १,२ र ३ का बस्तीलाई सडक संजालमा जोड्न पम्पानी मैतार्ना बौडी सडक र कोटकोटी गाउँ सडक निर्माण कार्य सुरु भएको छ ।
- बिच्छयामा खाद्य डिपो स्थापना गरिएको छ ।
- क्युडी,बिच्छया र रुगिन स्वास्थ्य चौकी भवन निर्माण भएका छन् ।
- हिमाली १ र ३ को वडा कार्यालय भवन निर्माण भैरहेको छन् ।
- बाँधु,क्युडी ,रुगिन ,युना लगायत स्थानमा बिद्यालय भवनहरु निर्माण भैरहेका छन्।
- कादुरी संगको साझेदारीमा हिमाली १,२ र ३ का सबै बस्तिहरुमा विधुत सेवा पुर्याउने कार्य भएको छ ।
- चालु आ.व. २०८१/०८२ मा यस हिमाली गाउँपालिकाले आम नागरिकहरुलाई सडक संज्याल संग जोड्नको लागी १२ कि.मि. नयाँ सडक तथा ११ कि.मी. गोरेटो बाटो निर्माण गरिएको छ ।
- चालु आ.व. २०८१/०८२ गाउँपालिकामा ठुला साना गरेर ७५ वटा नयाँ खानेपानीका योजनाहरु निर्माण गरिएको छ भने १५७५ मिटर नयाँ सिचाई कुलो निर्माण गरिएको छ ।
- चालु आ.व. २०८१/०८२ गाउँपालिकामा ३१ वटा नयाँ भवन निर्माण संगै हिमाली गाउँपालिकाको वडा नं. ५ स्थित सपु खोलामा नयाँ झुलुङ्गेपुल निर्माण गरि संचालनमा आएको छ भने छिम्दु खोला खोलामा झुलुङ्गेपुल निर्माणको अन्तिम चरणमा रहेको छ ।
- हिमाली गाउँपालिकाका ९२ % घरधुरीहरु विद्युतको पहुचमा पुगेका छन । बाँकी घरहरुमा आ.व. २०८२/०८३ मा पुर्याउने लक्ष्य लगिएको छ ।

शिक्षा तर्फ :

- यस हिमाली गाउँपालिकामा शिक्षाको पहुचमा २७५८ जना विधार्थीहरु छन भने जसमध्य १४६७ छात्रा र १२९१ छात्र रहेका छन । पालिकामा छोरीलाई पढाउनु पर्छ भने चेतनाको वृद्धी भई हाल छात्र भन्दा ३७६ छात्राको संख्या बढेको देखिएको छ ।
- हिमाली गाउँपालिकामा दिवा खाजा व्यवस्थित गर्नका लागि २२ वटै विद्यालयमा भान्सा घर निर्माण गरिएको छ ।
- हियाली गाउँपालिकामा १३ वटा नयाँ कक्षा कोटा निर्माण गरिएको छ साथै गंगा आ.वि. र युना आ.वि. मा ICT ल्यापको व्यवस्थापन गरिएको छ ।

CamScanner

स्वास्थ सेवा तर्फ :

- चालु आ.व. २०८१/०८२ मा हिमाली गाउँपालिका भित्र रहेका विभिन्न स्वस्थ्य सेवा केन्द्रहरु बाट सेवा प्राप्त लाभग्राही संख्या १४,३३४ जना रहेका छन जसमध्य सुतकेरी हुने आमाहरुको संख्या १३६ जना, परियोजना अन्तरगत १४९७ र सामान्य उपचार गराउनेको संख्या १२७३४ जना रहेका छन ।
- हिमाली गाउँपालिका भित्र निःशुक आखाँ शिविर संचालन गरि ९३६ जनाको आखाँ परिक्षण गरि १०३ जनाको मोतिविन्दु अपरेशन गरिएको छ साथै ८३ जनालाइ अपाङ्गता परिचयपत्रका लागि सिफारिस गरिएको छ ।
- भारतीय दुदाबास संगको साझेदारी नयाँ एम्बुलेन्स गाउँपालिकामा ल्याउने काम भएको छ ।

कृषि तथा पशु तर्फः

- चालु आ.व. २०८१/०८२ यस हिमाली गाउँपालिका वडा नं १,२ र ३ मा कृषि र पशु क्षेत्रको सेवा पुर्याउनको लागि वडा नं १ मा कृषि तथा पशु सेवा केन्द्र स्थापना गरी १/१ जना प्राविधिक खटाई सेवा प्रवाह सुरु गरिएको छ ।
- अगुवा कृषकहरुलाई स्थानिय हावापानी सुहाउदो सिन्हे जातको १७ वटा बोका वितरण गरिएको छ । साथै भेडा पालन गर्ने अगुवा कृषकहरु भेडापालन सम्बन्धित आवश्यक सामाग्री (जस्तै त्रिपाल, कैची) तथा सम्पुर्ण पालिकामा शिविर गरि ३० वटा भैसी २३० वटा गाईगोरु १३३० वटा भेडा बाखा २३५० कुकुर १४० वटा लाई जाँच औषधी वितरण गरीएको छ ।
- चालु आ.व. २०८१/०८२ हिमाली गाउँपालिका भित्रका ३७ जना मौरीपालन अगुवा कृषकहरुलाई मौरीपालन संग सम्बन्धित आवश्यक सामाग्रीहरु वितरण गरिएको छ र गत बर्ष भन्दा यस वर्षमा २५% ले मह उत्पादन हुने अपेक्षा लिईएको छ ।
- ८ ओटा साना सिचाईकार्यक्रम संचालन गरिएको छन् ।

रोजगार सेवा तर्फः

- चालु आ.व. २०८१/०८२ यस हिमाली गाउँपालिका भित्रका सम्पुर्ण वडा वाट ४० जानालाई छनौट गरि १० दिने जिवन उपयोगी तथा ४० दिने सिप विकास सम्बन्धि तालिम संचालन गरि उक्त छनौट भएका ४० जना द्वरा पालिका भित्र भवन तथा चौतारा निर्माण गरिएको छ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुलाकोट, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

- यस हिमाली गाउँपालिकामा ८९ जनाले वेरोजगार व्यक्तिहरुले रोजगार पाएका छन भने आ.व. २०८२/०८३ का लागि ३८३७ जना ले वेरोजगार फारम भरेका छन् ।

नापि तथा विपद व्यवस्थापन तर्फः

- चालु आ.व. २०८१/०८२ यस हिमाली गाउँपालिका भित्र २३ जना गर्ववती महिला, १५ जना गम्भिर घाईते तथा १७६ जना सामान्य विरामीहरुलाई एम्वुलेन्स सेवा दिईएको छ साथै विपदले क्षति पुर्याएका ४३ वटा घरपरिवारलाई राहत सामाग्री(त्रिपाल, चामल,कम्मल, बाल्टिन आदि) उपलब्ध गराईएको छ ।
- चालु आ.व. २०८१/०८२ यस हिमाली गाउँपालिकाको वाड नं. १ मा २५ र वडा नं. ३ मा ५२ जना भुमिहिन नागरिकलाई अस्थायी निसां वितरण गरिएको छ ।

सामाजिक सुरक्षा तथा महिला वालबालिका तर्फः

- चालु आ.व. २०८१/०८२ यस हिमाली गाउँपालिकामा जम्मा सामाजिक सुरक्षा भत्ता लाभग्राही २३२३ जना प्राप्त गरेका छन भने ४९५ जनाले व्यक्तिगत घटना दर्ता गरेका छन र ८३ जनालाई अपाङ्ग परिचयपत्र वितरण गरिएको छ साथै सामाजिक सुरक्षा भत्ता वायोमाट्रिक भेरिफिकेसन गर्न पालिका भरि फिङ्गरप्रिन्ट मेसिन खरिद भई आ.व. २०८२/०८३ को साउन १ गतेवाट राष्ट्रिय परिचयपत्र तथा ल्यापचे अनिवार्य गरिएको छ ।
- चालु आ.व. २०८१/०८२ यस हिमाली गाउँपालिकामा साना उद्योग संचालन गरि नागरिकलाई आत्मनिरभर बनाउने उद्देश्य २५ जना छनौट गरि प्राविधिक किसिमको हातेहोजीयारी तालिम र सिस्नो प्रशोधन पाउडर वनाउने मेसिन वितरण गरिएको छ ।

उल्लेखित महत्वपूर्ण तथा ऐतिहासिक सफलताका कार्यहरुमा गाउँवासीले दिएको साथ, सहयोग, अघात माया र ममताबाट प्रेरित भई मैले हिमाली गाउँपालिकालाई कृषिमा आत्मनिर्भर, सबै नागरिकहरुमा गुणस्तरीय स्वास्थ्य, शिक्षाको पहुँच पुगाउन तथा सबै वस्तीहरुलाई सडक संजालमा जोडिने र कुपोषण तथा गरिबी निवारण, हिमाली गाउँ उज्यालो बनाऔं भन्ने अभियान सञ्चालन गर्दै रोजगारी सिर्जना गरी सुखी हिमाली वासी र समृद्ध हिमाली गाउँपालिका बनाउने गरी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

गाउँ सभाका सदस्य ज्युहरु

अब म आगामी आ.व.२०८२ ।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

(क) आर्थिक विकासतर्फ :

- कृषि विकास तथा कृषि प्रसार
  - उन्नत जातका पशुपन्छी र मत्स्यपालन गरौ, पशुपन्छिबाट जिवीकोपार्जन गरी आत्मनिर्भर बनौं भन्ने मुल नाराका साथ पशुपन्छिवाट प्रासहुने कच्चा प्रदार्थहरुवाट निर्मित पशुजन्य सामाग्रीहरुको उत्पादन गर्न पशुजन्य उद्योगहरुको स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै उत्पादित सामाग्रीहरुको बजारिकरणको लागि आवश्यक सहयोग तथा सहजिकरण गरिने छ ।
  - देशको अर्थतन्त्रको मेरुदण्ड कृषि तथा पशुपालन क्षेत्रको विकास नै यस हिमाली गाउँपालिकाको प्रमुख आधार भएकोले प्रत्येक वडामा एक कृषि,एक पशु स्वास्थ्य प्राविधिक राख्ने गरि आवश्यक कार्यको थालनी गरिने छ ।
  - १ घर १० वोट डाले घाँस खेती,१ करेसावारी ,१ बहुवषिय घाँसे बगैचा, १ धुवा रहित चुलो,१मल खाडल,गोठेमल व्यवस्थापन तथा गोठ सुधार कार्यक्रम लाई आत्मसात गर्दै लगिने छ ।
  - जैविक मलको उत्पादन र प्रयोग, विउ ब्यांक संचालन,लगायत निजी क्षेत्रका व्यवसायीलाई प्रोत्साहन कार्यक्रम संचालनमा ल्याईनेछ ।
  - भेडा वाखा पकेट प्याकेज क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिर्ने छ।
  - रानीसैन लगायत उच्च हिमाली क्षेत्र पशुपालन सहयोग तथा पशु स्वास्थ्य सिविर संचालन गरिने छ ।
  - चौरी प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।
  - उन्नत जातका गाई, भैसी, बाख्रा भेडापालन साथै मत्स्यपालन व्यवसाय मार्फत कृषकहरुलाई आत्मनिर्भर वनाउन उन्नत जातका बोका, थुमा,रागा रसाँढे उपलब्ध गराइनेछ ।
  - उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनेछ ।
  - उन्नत जातका पशुपन्छि उत्पादन गर्नाको लागि कृत्रिम गर्भधान कार्यक्रम संचालनमा जोड दिईने छ ।
  - हिमाली गाउँपालिकामा भेडा बाखा पालन बृहत कार्यक्रम लागु गरि भेडा बाखा संग सम्बन्धित उन,मल र मासुको प्रशोधन वजारीकरणमा जोड दिइने छ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

- पशुपन्छी तथा कृषि जन्य रोग नियन्त्रणका लागी पशुपन्छी ल्याव,माटो परिक्षण प्रयोगशाला स्थापना गरी पशु प्राविधीकलाई ल्याव सम्वन्धी र गोवर परिक्षण सम्मबन्धी तालिम व्यवस्था मिलाईने छ ।
- जुनोटिक रोग नियन्त्रणका तथा रोगथाम गर्ने एवं पशु पंक्षीकालागि विभिन्न खालका खोपतथा औषधीको व्यवस्थापन मिलाइने छ ।
- कृषि तथा पशुपन्छी एम्बुलेन्स सेवा संचालन मार्फत कृषकलाइ थप सहयोग तथा सहजिकरण गरिनेछ ।
- कृषि तथा पशुन्छी विमा कार्यक्रम संचालनका गरिने छ ।
- एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति,शहिद परिवार तथा द्वन्द प्रभावितहरु लगायत लक्षित समुह कृषि तथा पशुपन्छि विकास कार्यक्रम संचालन गरिने छ ।
- कृषि तथा पशुपालन क्षेत्रको विकासमा कृषक,कृषि समूह,सहकारी, सरकारी तथा गैरसरकारी संघ संस्था संग साझेदारी एवं सहलगानी कार्यक्रमलाई जोड दिइनेछ ।
- चालु आ.व. २०८१/०८२ मा वडा नं १,२ र ३ का नागरिकलाई कृषि तथा पशु सेवा उपलब्ध गराउन विछ्यामा कृषि पशु सेवा केन्द्र संचालनमा ल्याइएको छ भने आ.व.२०८२/०८३ मा हिमाली गाउँपालिका वडा नं. ५ कुवाडिमा पशु तथा कृषि सेवा केन्द्र स्थापना गरि सन्चालनमा ल्याइने छ ।
- परम्परागत कृषिमा आधुनिक प्रविधि, रैथाने बाली र फलफुल खेती मार्फत आत्मनिर्भर बनाउने हिमालीको नीती" लाई आत्मसात गर्दै रैथाने बाली र फलफूल प्रशोधन प्याकेजिङ्, लेबलिङ्गि गर्ने गरी उद्योगको स्थापना गरि सञ्चालन गर्ने गर्ने गारी आवश्यक कार्य गरिने छ ।
- कृषिजन्य बस्तुको आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गराउन कृषि विकास कार्यक्रम प्राथमिकतामा राखी सञ्चालन गरिने छ ।
- कुषकहरुले उत्पादन गरेका फलफूलहरु र अन्य नगदेबालीहरुको भण्डारण गर्न कृषि सित गृह ( कोल्ड स्टोर) निर्माण कार्य भइसकोले सञ्चालनमा ल्याई कृषकहरुको उत्पादनमा मनग्य आम्दानी हुने गरि व्यवस्थापन मिलाईने छ ।
- रैथाने बालीका विउहरुको संरक्षण गर्दै आफूलाई चाहिने विउ आफै उत्पादन गरौ" भन्ने नाराका साथ विउमा आत्मनिर्भर हुन रैथाने बालीहरु फापर, चिनो, कागुनो, मार्स्या लगायत अन्य बालि नालि गहुँ, मकै र कोदो जस्ता प्रमुख खाद्यान्न बाली एवम्

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

दलहन, तरकारी आदिको पकेट क्षेत्र विस्तार गरी विउविजन उत्पादनका कार्यक्रमहरु संचालनमा ल्याईने छ।

➢ कृषकले उत्पादन गरेको रैथाने बालिलाई व्यवस्थित बजारीकरण एवं उपयुक्त कृषकले मुल्य प्राप्ति होस् भन्ने सोचका साथ रैथाने बालि विक्रि वितरण निकासीमा वडा तथा पालिकाको अनुमति लिनुपर्ने गरि आवश्यक कार्यविधि वनाइ कार्यन्वयन गरिनेछ ।

➢ हिमाली गाउँपालिका भित्र धेरै मात्रामा रैथाने वाली उत्पादन गर्ने कृषकहरुलाई उत्पादनका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइने छ ।

➢ कृषकले उत्पादन गरेका कृषिजन्य वाली वस्तुहरुको ढुवानी सहजताको लागि गाउँबाट वजार जोड्ने ग्रामिण कृषि सडकलाई विशेष प्राथमिकता दिईने छ।

➢ कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि आधुनिक प्रविधिहरुको उपलब्धता एवं व्यवसायिक विषयमा तालिम संचालन गरि कृषकहरुलाई सक्षम बनाइने छ ।

➢ स्थानिय स्थरमा उत्पादन हुने सिस्नु संग सम्वन्धित सिस्नु पाउडर उधोग पाडी गाउँमा संचालनमा ल्याईसकेको र यसलाई गाउँपालिकाका सवै वस्तीमा जोड्दै सिस्नु उत्पादन प्रसोधन र वजारिकरणलाई जोड दिई रोजगारी र आर्थिक आर्जनको रुपमा विकास गर्न गाउँपालिका स्तरीय सिस्नु लघु तथा मध्यम प्रशोधन ईकाई स्थापना गरिने छ ।

➢ हिमाली गाउँपालिको भौगोलिक अवस्था हावापानी अनुसार कपास खेति हुने योग्य स्थान छनौट गरी कपास खेतिलाई जोड दिईनेछ ।

➢ कर्णाली नदी र कवाडी नदिको छेउछाउमा पर्ने बाझो जमिनलाई खेति योग्य वनाउन लिफ्ट सिचाई प्रणालिलाई प्राथमिकता दिईनेछ ।

➢ टिमुर,बुद्दचित्ता ,स्याउ,ओखर,किवी लगायत अन्य फलफूलका बिरुवाहरु लागत साझेदारीमा कृषकको मागको आधारमा वितरण गरिनेछ ।

➢ परम्परागत मौरी पालक कृषकहरुलाई आधुनिक प्रविधि हस्तान्तरण गरी मह उत्पादनमा वृद्धि गर्न प्रोत्साहन गरिने छ र कृषि सामाग्रीहरु र औजार सहुलियत मुल्यमा वितरण गरिने छ।

➢ हिमाली गाउँपालीका वडा न १ स्थीत बॉममा स्थापना भएको उच्च घनत्व स्याउ बगैचा, वडा न २ को गोरचौर कोटिगाँउ बढखौला, वडा न ३ सिसेरा, भानडाडा र

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

गुम्बा वडा न ४ को लेखवोर्ता, ग्याम्चु, आरुडाली, बडा न ५ को नदै ,वक्ष्याँ र वडा न.६ को झीनी, बालाफुगी, रनीबाडा, पांडी गाउका व्यवसायिकरुपमा स्याउ, ओखर लगाउतका फलफुल बगैचाहरुको संरक्षण तथा सहयोगको व्यवस्था मिलाईने छ ।

- हिमाली गाउँपालिकामा पाईने केतुके, अल्लो, लोक्ता र विभिन्न जडिबुटीहरुलाई प्रशोधनका लागि उद्योगको स्थापना गरी रोजगारी सिर्जना गर्नको लागि आवश्यक कार्य गरिने छ ।
- हिमाली गाउपालीकामा पानीको स्रोत कम भएका टोलमा आधुनिक घट्ट र कुटानी पिसानी मिल स्थापना गरि संचालनमा ल्याईने छ ।
- टिमुरका बिरुवाहरु उत्पादन एवं वितरण गर्नुका साथै टिमुर र अन्य फलफूल बिरुवा उत्पादन गर्ने नर्सरी स्थापनामा जोड दिइनेछ ।
- पालिकामा उत्पादन हुने वालिहरुको न्यूनतम समर्थन मूल्य तोकीनेछ ।
- जलवायू मैत्रि कृषि खेतिलाई जोड दिइने छ ।
- साझेदार विभिन्न संघ संस्था र सरोकारवाला निकायहरु विच समन्वयन गरि विभिन्न कृषि कार्यक्रमहरु संन्चालन गरिनेछ।
- हिमाली गाउँपालिका भित्रका सवै वडाहरुमा कृषि संकलन केन्द्र र रष्ट्रिक स्टोरको भवन निर्माण कार्यको सम्पूर्ण कार्य सकिएको हुदा आगामी आ.व. देखि सन्चालनमा ल्याउन ईच्छुक सहकारी वा कृषक समुहलाई आवश्यक सहयोग गरि हस्तान्तरण गर्नेगरी आवश्यक कार्य गरिनेछ।
- कृषकको श्रम र कार्यबोझ लाई कम गर्न कृषि यान्त्रिकमा जोड दिइनेछ।
- स्थानीय स्तरमा उत्पादन हुने रैथाने बालिहरुलाई प्रसोधन र बजारीकरण गर्नका लागि लघु तथा मध्यम प्रशोधन उधोग स्थापना गरिने छ ।
- निगालो, बास लागायतका कच्चापदार्थ मार्फत हस्तकला ब्यवशाय संचालन गर्न चाहनेहरुको लागि आवश्यक सहयोगको ब्यबस्था मिलाइने छ ।
- "आजको लगानी बोट, भोलिको प्रतिफल नोट" भन्ने नाराका साथ यस हिमाली गाउँपालिकाले संचालन गर्दै आएको खाद्य सुरक्षाका लागि वृक्षारोपण कार्यक्रम मार्फत फलफूल उत्पादनमा ढुवानीमा बजारीकरणमा अनुदानको व्यवस्था मिलाईने छ ।
- कृषि तथा पुशजन्य उत्पादनलाई बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्स संचालन मार्फत सहजिकरण गरिने छ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना अन्तरगत हाल सञ्चालनमा रहेका पकेट विकास कार्यक्रमलाई निरन्तरता दिदै ब्लक र जोनका लागि क्षेत्र विस्तार गरिने छ ।
- माटो परिक्षणका आधारमा उपर्युक्त बाली लगाउन किसानहरुलाई जागरुक गराईने छ ।

- राजश्व परिचालन तर्फ :
  - कर प्रणालीलाई राजस्व वृद्धि गर्नाका लागि करदाता शिक्षा लगायत जनचेतना मूलक क्रियाकलापहरु सञ्चालन गरिने ।
  - राजश्व स्वयम् सेवकको व्यवस्था गरी जडिबुटी लगाएतका क्षेत्रमा भएको अनियमिततालाई रोक्दै राजश्व संकलनमा जोड दिईने छ ।
  - घुम्ती शिविर मार्फत बस्ति स्तरमा समेत गई घर दैलो सबै प्रकारका राजश्व, कर संकलन अभियान सूचारु गरिने छ ।
  - जडिबुटी उत्पादन, संकलन र प्रशोधनका साथै बजारिकरणई व्यबस्थित बनाइ राजश्वमा बृद्धिमा जोड दिईनेछ ।
  - संवैधानिक अधिकार बमोजिम गाउँपालिकाले संकलन गर्नुपर्ने राजश्वमा कडाई गरिने छ ।
  - गाउँपालिका क्षेत्रभित्र उत्खनन् हुने बालुवा, गिट्टी लगाएत अन्य प्राकृतिक श्रोतको राजश्व दर निधारण गरी राजश्व संकलन कार्यमा प्रभावकारी बनाईने छ ।

३. पर्यटन तर्फः

- रानिशैन पर्यटकीय बहस कार्यक्रम तथा रानीसैन महोत्सव संचालन गरि हिमाली गाउँपालिकाको महत्वपूर्ण पर्यटकीय सम्भावना बोकेको रानीसैन क्षेत्रलाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउने गरि कार्यक्रम संचालन गरिने छ ।
- कर्णाली नदीको धुलाचौर देखि पिलुचौरसम्म ऱ्याफ्टिङ सेवा सञ्चालनको कार्यलाई निरन्तरता दिइने छ ।
- हिमाली गाउँपालिका हुँदै रारा जाने बाटो जोडि सकेको र बुढीनन्दा जाने सडक संजाल जोड्न. काम भैरहेको हुँदा पर्यटन प्रर्वद्धनका लागि प्रचार प्रसार गरी स्थानीय नागरिकहरुलाई पर्यटन व्यवसाय जोड्ने गरी आवश्यक व्यवस्था मिलाईने छ ।
- पर्यटन क्षेत्रको संरक्षण, सम्वद्र्धन, प्रवद्र्धन तथा पर्यटकिय स्थलसम्मको सहज पहुच पुगाउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, बुढीनन्दा लगायतका क्षेत्रहरुलाई पर्यटकीय सडक सञ्जालसंग जोड्ने गरी आ.व.२०८२/०८३ मै बौडी सम्म सडक र बौडी गुम्बा लाम्पाटा रानीसैन सम्म पदमार्गको लागि आवश्यक कार्य काम गरिने छ ।

CamScanner

- हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्बाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिँदै यस क्षेत्रको सांस्कृतिक, पर्यकटिय स्थल, स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गरी, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका,अनलाइन सामाजिक संजाल ,रेडियो तथा टेलिभिजन बाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिने छ ।
- पर्यटन प्रर्वद्धन, संरक्षण, सम्वद्र्धन र पर्यटन विकासका कार्यक्रम संचालनका लागि सम्वन्धीत सरकारी गैरसरकारी संघ संस्था लगायत अन्य क्षेत्र संग समन्वय, सहकार्यको नीति लिईने छ ।
- हिमाली गाउँपालिकाका गौरबका योजनाहरुमा र ठुला आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी आवश्यक कार्य अगाडी बढाईने छ ।
- पर्यटकीय क्षेत्रमा रुची राख्ने युवाहरुलाई ट्रेकीङ्ग गाईड, होमस्टे सञ्चालन तथा पर्यटकीय प्रवद्र्घन मुलक तालीम दिईने छ ।
- पर्यटन व्यवसाय व्यवस्थापनको लागी पालिकाको केन्द्र लगाएतका सबै सम्भाब्य स्थानमा होमस्टेहरु गुणस्तरीय र व्यवसायीक रुपमा सञ्चालन गर्ने गरी सञ्चालक लाई प्रशिक्षण दिईने छ ।

४. घरेलु तथा साना उद्योग तर्फ :

- पालिका क्षेत्र भित्र काम गर्ने संघ सस्थाहरु संग साझेदारी गरी लघु उद्यम बिकास शाखा मार्फत व्यावसायी उद्यमीको सिर्जना गरिनेछ।
- लघु उद्यम बिकास कार्यक्रम मार्फत र अन्य सिप विकास तालिम र प्रविधि हस्तान्त्रणको कार्यक्रम संचालन गरिने छ ।
- नवप्रवद्दनमा आधारित लघु उद्यम तथा साना उद्योग सन्चालनमा जोड दिइनेछ ।
- बैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरुलाई उद्यम र रोजगारीमा आवद्ध गराई सिप विकास तालिम दिईने छ ।
- लघु घरेलु तथा साना उद्योग कार्यक्रममा महिला ,दलित, अपाङगता भएका व्यक्ति लगायत लक्षित वर्गसमुहलाई समावेस गरी जिबिकोपार्जनमा सहयोग पुर्याईने छ।
- रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिइनेछ ।

CamScanner

- ➢ लघु उद्यम बिकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा थप प्रभावकारी वनाइनेछ।

- ➢ धुलाचौरमा निर्माण भएको औधोगिक ग्राममा गाउँपालिका क्षेत्र भित्र उत्पादित फलफूल लगाएत कृषि जन्य उत्पादीत वस्तु, पशुजन्य उत्पादीत वस्तु, जडिबुटी, काष्ठजन्य वस्तु, केतुके, अल्लो, लोक्ता लगाएतका अन्य बन पैदावारसंग सम्बन्धीत उद्योगहरु सञ्चालन गरी रोजगारी सिर्जना गर्ने कार्यको सुरुवाती गरिनेछ ।
- ➢ हिमाली गाउँपालिका वडा नं. १, २ र ३ लाई लक्षित गरी बिच्छयाँमा गाउँपालिकाको पहलमा चामल बिक्रि केन्द्र चालु आ.व. मै स्थापना गरिसकेको र आ.व.२०८२/०८३ मा नुन डिपो स्थापना गर्नको लागि आवश्यक पहल गरिने छ ।
- ➢ घरेलु तथा साना उद्योग विकास क्षेत्रमा सहयोग गर्ने निकायसँगको सहकार्यमा तथा उधमी संगको लागत साझेदारीमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरण प्रदान गरीने छ ।
- ➢ कुनै पनि काम सानो या ठुलो हुँदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जिवनशैली उपर्युक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन हिमाली गाउपालिकाको निति हुनेछ ।

५. सहकारी विकास तर्फ :

- ➢ गाउँपालिका भित्र स्थापना भएका सहकारीहरुको गुणस्तर र प्रभावकारीतालाई नियमन अनुगमन र सहकारी शिक्षामा जोड दिइने छ भने थप सहकारी विस्तार तथा विकास गरी सहकारीलाई पूँजी निर्माण साथै स्थानीय नागरिकलाई स्वरोजगार उत्पादन गराउने महत्वपुर्ण माध्यमको रुपमा स्थापित गरी रोजगारी वृद्धि गर्ने कार्यमा जोड दिईन छ ।
- ➢ सहकारीको दिगोपना र विश्वसनियता वृद्धि हुने गरी सहकारी सञ्चालनमा जोड दिईने छ ।
- ➢ अन्य संघ सस्था संगको सहकार्यमा सहकारीकर्मी तथा सरोकारवालालाई प्रशिक्षण लगायत अन्य कार्यक्रम संचालन गराउने नीति लिईने छ ।

६. वैंक तथा वित्तिय तर्फः

- ➢ सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमलाई व्यवस्थीत, भरपर्दो एवंम छिटो छरितो बनाउन बैकंसंग समन्वय सहजीकरण गराउने गरि आवश्यक कार्य गरिने छ ।
- ➢ वैंक तथा वितिय सेवा सरल सहज पहुच योग्य हुने गरी शाखा विस्तार तथा प्रविधि मैत्री वैंकीङ्ग सेवा प्रदान गर्न तथा सेवा लिनको लागी वैंकीङ्ग निकाय र नागरीक दुवैलाई उत्प्रेरीत गरीने छ भने सामाजीक सुरक्षा भत्ता समयमा वितरण गर्न र वैंकको कार्यवोझ कम गर्नको

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

लागि पायक पर्ने स्थान मिलाएर पुनः वैंक खाता खोली भत्ता वितरण गर्ने कार्यलाई सरलीकरण गराउने गरि समन्वय र सहजीकरण गरीने छ ।

**ख) सामाजिक विकास तर्फ :**

**माननीय सभाका सदस्य ज्युहरु**

**१। शिक्षा तर्फ :**

**शिक्षा युवा तथा खेलकुद तर्फ**

- आधारभुत तहमा भर्ना भएका विधार्थीलाइ अनिवार्य र निः शुल्क शिक्षा सुनिश्चित गरी विपन्न वालवालिकालाई विशेष सहयोग गरी विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने व्यवस्था मिलाइनेछ ।

- विद्यालयमा अध्यायनरत वालवालिकाहरुको आन्तरीक तथा वाह्य मुल्याङकन प्रणालीलाई पालिका भरी एकरुपता ल्याई विद्यालय तहको कक्षा ५ र ८ को परीक्षालाइ पालिका स्तरमा संचालन गरी उकृष्ट नतिजा ल्याउने परिक्षार्थीलाइ उचित पुरस्कारको व्यवस्थापन गरिने छ ।
- नमुना विद्यालयका लागी आवश्यक मापदण्ड र पूर्वाधार पुगेका माध्यमिक विद्यालयलाई नमुना विद्यालय निमार्णका लागी संघिय र प्रदेश सरकारसगँ आवश्यक पहल र समन्वय गरिनेछ।

- सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा लेखा सम्वन्धी काम गर्ने कर्मचारीलाई सावजनिक खरीद, लेखा प्रणाली र जिन्सी दाखिला सम्वन्धी तालिमको व्यवस्था गरी विद्यालयको आर्थिक सुशासन कायम गर्न गाउँपालिकाले तोकेको लेखा परिक्षकवाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था मिलाइनेछ ।

- विद्यालयमा अध्यायरत वालवालिकाको नेतृत्व विकास गर्न वाल विवाह छाउपडी तथा लागुप्रदाथ दुव्यसनी जस्ता सामाजिक विकृती विरुद्ध जनचेतना फैलाउन विभिन्न कार्यक्रम तथा विद्यालय स्काउट र वालक्लव गठन गरी उनीहरुलाई सक्रिय गराईनेछ ।

- हाम्रो विद्यालय हाम्रो जिम्मेवारी भन्ने भावना जागृत गरी विद्यालयमा अध्यायरत वालवालिकाको सिकाईमा सुधार गर्न अध्यक्षसगँ वालवालिका तथा शिक्षक अभिभावक अन्त्तरक्रिया कार्यक्रम संन्चालन गरीनेछ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

- सामुदायिक विद्यालयमा अध्यायरत वालवालिकाहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी स्वास्थ्य संस्थासगँ सहकार्य गरी प्रत्येक विद्यालयमा अध्यायरत वालवालिकाको त्रमसिक स्वास्थ्य परीक्षण गर्ने प्रवन्ध मिलाईनेछ ।

- स्वच्छ विद्यालय स्वस्थ विद्यार्थी कार्यक्रम संन्चालन गरी विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न भान्सा घर निमार्ण गरिसकेको तथा विद्यार्थीलाई स्वच्छ ताजा र पौटिष्क तत्व युक्त खाजा खुवाउनको लागी प्रत्येक विद्यालयमा करेसा वारी निमार्ण गरीनेछ । करेसावारी निमार्ण कार्यलाई विद्यार्थीको आन्तरीक मुल्याङ्गनसगँ जोडने व्यवस्था मिलाईनेछ ।

- विद्यालय शिक्षालाई सुचना प्रविधीमैत्री बनाई शैक्षिक गुणस्तर वृद्धि गर्नका लागी प्रत्येक विद्यालयमा ईन्टरनेट र इहाजिरी जडान गरिनेछ ।

- ECD तथा विद्यालयका सम्पूर्ण शिक्षकहरुको क्षमता विकासका लागी मेन्टरिङ, सुपारवेक्षण र पुनर्ताजकी तालीम संचालन गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ ।

- प्रत्येक माध्यमिक विद्यालयमा इको क्लव गठन गरी वालवालिकालाई जीवन र प्रकृतीसगँको सम्वन्ध बुझाउदै विद्यालयलाई हरित क्षेत्र निमार्ण गरी ग्रिन विद्यालय अवधारणाको रुपमा विकास गरि खाद्य सुरक्षाका लागी वृक्षारोपन कार्यक्रम विद्यालयमा लागु गरीनेछ ।

- वार्षिक कार्ययोजना, एकाई योजना र दैनिक पाठ योजना निमार्ण गरी पुर्व तयारीका साथ कक्षाकोठा प्रवेश गरी अध्यापन गराउने शिक्षकलाई आफ्नो विषयगत कार्ययोजना शाखामा पेश गर्न लगाई विद्यार्थी सिकाई उपलब्धी परीक्षणको आधारमा उत्कृष्ट नतिजा ल्याउने शिक्षकलाई उचित पुरस्कार सहित समान गर्ने व्यवस्था मिलाईनेछ ।

- स्थानिय स्तरमा रहेका सम्पूर्ण पक्षहरु जस्तै सास्कृतिक, धार्मिक, भौगोलिक तथा स्थानीय स्तरमा उत्पादन हुने वस्तुहरुलाइ समेटी पाठ्क्रम निर्माण भईसकेको अवस्थामा सोको कार्यन्वयनका लागी कक्षा १ देखि ८ सम्मको स्थानिय पाठ्यपुस्तक तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

- विद्यालयको प्रशासन संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनका साथै समयानुकुल ज्ञान सिपको तथा क्षमताको विकासका लागी प्र.अ. नेतृत्व तथा क्षमता विकास तालिम कार्यकम संन्चालन गरिनेछ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

- विद्यालयमा शिक्षक तथा कर्मचारीको नियमितता गराउन सवै विद्यालयमा ई-हाजिरीको व्यवस्था गरिनेछ ।
- शिक्षा गुणस्तरको लागि १२ कक्षा सम्म अध्ययन गराउने विद्यालयको कार्यसम्पादन प्रगति ,शैक्षिक प्रगति प्रतिशत तथा बिद्यार्थी हाजिरी प्रतिशत एवं थप शिक्षक व्यवस्थापनको आधारमा अनुदान रकम उपलब्ध गराइने छ ।
- युवा तर्फ व्यवशायिक रोजगारी प्रवर्द्धन मुलक शैक्षिक तालिम तथा लोकसेवा आयोग तयारि कक्षा लगायत अन्य सिपमुलक कक्षा संचालन गरिने छन् ।
- शैक्षिक गुणस्तर सुधारको लागि बिद्यालय अन्साइड़ भेटघाट अनुगमन तथा पढ्दै कमाउदै कार्यक्रम संचालन गरिने छ ।
- शिक्षक दरवन्दि नभएका र विद्यार्थी सख्या बढी भएका विद्यालयहरुलाई शिक्षक अनुदानको व्यवस्थालाई निरन्तरता दिदै प्रत्येक माध्यमिक विद्यालय र आधारभुत तह कक्षा १-८ संचालन भएका विद्यालयहरुमा विषयगत शिक्षक दरवन्दि मिलान तथा व्यवस्थापन गरीनेछ।
- हिमाली गाउँपालिकामा रहेमा गरीव असाह्य र टुहुरा वालवालिकालाई नि: शुल्क खाना बस्न सहितको आवासीय विद्यालयमा पढ्ने व्यवस्था मिलाइनेछ।
- एक विद्यालय एक पुस्तकालय साथै ई- पुस्तकालयलाई समेत प्रत्येक विद्यालयमा विस्तार गरी शिक्षण सिकाईलाई आधुनिक प्रविधी मैत्री बनाई अनिवार्य कार्यान्वयन गर्ने निती लिइनेछ।
- महिनावारीका कारण पढाई छोडनुपर्ने अवस्थालाई अन्त्य गर्नका लागि प्रत्येक विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराउनुका साथै स्थानिय स्तरमा सेनेटरी प्याड निमार्णका लागि तालिमको व्यवस्था र स्यानिटरि प्याड डिस्पोजल गर्नका लागि डिस्पोजल मेसिनको व्यवस्थापन मिलाइने छ ।
- प्रत्येक विद्यार्थीहरुमा भएको अन्तरनिहित प्रतिभाहरुलाई प्रस्फोटनका लागि पालिका स्तरका विद्यालय विच प्रस्तिपधाको लागि हाजिरजवाफ, वक्तित्वकला, अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड जस्ता कार्यकम लाई निरन्तरता दिइनेछ।
- गरिव, दलित, हलिया,खलिया ,अपाङ्गता भएका व्यक्ति, जनजाती र लोपउन्मुख समुदायका वालवालिकाहरुलाई उच्च पाविधिक शिक्षामा छात्रवृद्धिको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- प्रत्येक विद्यालयको तथा वाल विकास केन्द्रलाई अनुशासन, ( शुसासन, सिकाई उपलब्धी, सरसफाई) लगायतका सुचांकको आधारमा मुल्याङ्गन गरी विद्यालय छनौट गरि वार्षीक रुपमा पुरस्कृत गर्ने निति लिईनेछ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

हिमाली गाउँपालिकाको कार्यालय
धुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

- विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन लाई निरन्तरता दिदै सम्पूर्ण विद्यालयको आवश्यकता अनुसार पानी, शौचालय तथा सरसफाई जस्ता क्रियाकलापमा विद्यालय संग काम गर्ने संघ संस्थासंग सहकार्यका लागि लगानि गर्ने निती लिईनेछ ।
- विद्यालय नक्साङ्कनका आधारमा नजिक रहेका विद्यालयहरुलाइ आवश्यकता अनुसार मर्ज गर्ने र त्यसरी मर्जहुने विद्यालयलाइ गाउँपालिकाबाट दिइने सेवा सुविधाहरुमा विषेश ग्राहयता दिइने नीति लिइने छ ।
- इसिडि विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुलाइ संघीय सरकारबाट दिइदै आएको सेवा सुविधा कम भएकाले उनीहरुको मनोवल उच्च बनाउनका लागि पालिकाले न्यूनतम सेवा सुविधा उपलब्ध गराउने गरि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।
- हिमाली गाउँपालिकाको शैक्षिक गुणस्तर वृद्धीका लागि अभिभावकको जनचेतना स्तरवृद्धीका लागि शैक्षिक शत्र २०८२ लाइ अभिभावक शिक्षा कार्यान्वयन वर्षका रुपमा मनाइने छ ।
- स्वच्छ विद्यालय, स्वस्थ विद्यार्थी कार्यक्रम संचालन गरी विद्यालयको भौतिक व्यवस्थापन संगै भान्साकोठा, खाजाघर, शुद्ध खानेपानी र शौचालयको सुधार कार्यक्रम संचालन गरिनेछ ।
- बिद्यालयमा छुट्टै भान्से कर्मचारीको आवश्यक ब्यबस्थापन गरिने छ ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विधलयको पहुँच भित्र ल्याउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चाल गरिने छ ।

## स्वास्थ्य सम्बन्धी नीति

- हिमाली गाउँपालिकाका हरेक नागरिकलाई निशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनुका साथै उपचारात्मक सेवालाई व्यवस्थित र प्रभावकारी बनाउदै रक्षात्मक र प्रवधनात्मक सेवाहरु क्रमिक रुपमा विस्तार गरि प्रभावकारी रुपमा बस्ति र घरधुरी सम्म पहुचको सुनिश्चित गरिने छ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी जन्य सामग्री, औषधी, औजार तथा उपकरणको व्यवस्था मिलाइनेछ ।
- निजि क्षेत्रका स्वास्थ्य सेवा प्रदायक सस्था, अस्पताल ,फार्मेसीहरुलाई प्रचलित कानुन वमोजिम सेवा प्रवाहको मूलधारमा ल्याई व्यस्थित रुपमा सेवा संचालन, व्यस्थापन र अनुगमन कार्यलाई थप प्रभावकारी बनाइने छ ।
- न्युनतम सेवा मापदण्ड (MSS) तथा रास्ट्रीय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा सम्पूर्ण स्वास्थ्य सस्थाबाट गुणस्तरीय रुपमा प्रवाह हुनेगरी आवश्यक बजेटको व्यवस्थापन मिलाइनेछ ।
- किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरिने छ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका उपाध्यक्ष

CamScanner

- विपद तथा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण एवंम प्रतिकार्यको लागि बहुपक्षीय सहकार्य गरि आवश्यक व्यवस्थापन गरिने छ ।
- विभिन्न कार्यस्थलमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिस्चित गरिने छ ।
- स्वास्थ्य सेवाको पहुच र उपभोगमा बृदि गर्न सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजि क्षेत्रसंग साझेदारी गरिनेछ।
- तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी व्यस्थापन गर्न एकीकृत स्वास्थ्य सुचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाइनेछ।
- स्वास्थ्यकर्मिको लागि तालिमको ब्यबस्थापन गरिनुको साथै अनलाइन रेकर्डिग र रिपोर्टिंगलाइ थप व्यवस्थित र प्रबिधि मैत्री बनाइनेछ ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई नियमितता गराउन सबै स्वास्थ्य संस्थामा ई-हाजिरी जडानको व्यवस्थापन क्रमश गरिदै लगिनेछ ।
- हिमाली गाउँपालिका अन्तर्गतका सम्पूर्ण लक्षित उमेरका बालबालिकालाई खोपको सुनिश्चितता गरि पूर्ण खोप दिगोपना पालिका घोषणा कार्यक्रम लाइ निरन्तरता दिइनेछ।
- सस्थागत सुत्केरी बढाउन क्युड़ी , कोट , पाडी र वोर्तामा बर्थिंग सेन्टरको स्थापना गरिनेछ।
- हिमाली ५ बच्छयामा स्वास्थ्य संस्था भवन निर्माण गरिसकेको हुँदा आ.व.२०८२/०८३ को सुरुवाती मै स्वास्थ्य संस्था स्थापना र संचालन गरिने छ ।
- क्षयरोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुच कम भएका समुदायमा सक्रिय क्षयरोग खोजपड्ताल कार्यक्रम तथा घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण एवम ५ वर्स मुनिका बालबालिकामा क्षयरोग रोकथाम सम्वन्धि टि.पी.टि.कार्यक्रम संचालन गरिनेछ।
- मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा,गर्भवती , रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र १० हप्ता सम्मको निशुल्क गर्भपतन सेवा कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य सस्थाहरुबाट प्रदान गरिने सबै सेवाहरु दिगो विकासका लक्ष्यको अवधारणा अनुसार क्रमश लक्षित कार्यक्रमहरुलाई सुधार गर्दै लगिनेछ।
- गुम्बा स्वास्थ्य संस्था , बामु स्वास्थ्य संस्था,पाडी लगायत स्वास्थ्य संस्थाको संचना सुधारमा आवश्यक बजेट ब्यबस्थापन मिलाइने छ ।
- धुलाचौर स्वास्थ्य केन्द्रलाई नमुना बर्थिंग सेन्टरको रुपमा बिकास गरिने छ ।
- रुगिन स्वास्थ्य चौकी र बिछ्या स्वास्थ्य चौकी लाई थप ब्यबस्थित बनाइने छ
- पूर्णपोषणयुक्त वडा टोल र पालिका कार्यान्वय कार्यक्रम तथा सम्पूर्ण पोषण संग सम्बन्धित कार्यक्रम हरुलाई थप प्रभावकारी वनाइ निरन्तरता दिईनेछ ।

- महिला स्वास्थ्य स्वयंसेविकाहरुको यातायात तथा संचार खर्च लगायत प्रोत्साहन कार्यक्रमको आवश्यक बजेट ब्यबस्था मिलाइनेछ ।
- स्वास्थ्यकर्मीहरुलाई पेशामा उत्साही तथा प्रोत्साहानका लागि आवश्यक बजेटको ब्यवस्थापन गरिनेछ ।
- ग्लोवल स्मार्ट हेल्थ (टेलिहेल्थ) कार्यक्रम लाइ थप विस्तार गर्ने गरि उक्त कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पालिका तथा टोल स्तरमा स्तरमा निःशुल्क स्वास्थ्य शिविर एवं घुम्ती स्वास्थ्य सिविर संचालन गरिनेछ ।
- सबै स्वास्थ्य संस्थामा आवश्यकताको पहिचान गरि प्लासेन्टा पिट , असपतालजन्य फोहोर ब्यबस्थाप संरचना र सुरक्षित खानेपानीको व्यवस्था भएको सुनिश्चितता गर्ने गरि आवश्यक ब्यबस्थापन मिलाइने छ ।
- सबै स्वास्थ्य संस्थाको आवश्यकता पहिचान गरि जनशक्ति तथा स्वास्थ्य सामग्री एवं कम्प्युटर र इन्टरनेट जन्य सामग्रीको ब्यवस्थापन मिलाइनेछ ।
- कम्तिमा १ जना दक्ष प्रसुतिकर्मी (SBA) नभएको स्वास्थ्य सस्थाहरुमा कार्यरत नर्सिंग कर्मचारीहरुलाई तालिमको लागि व्यवस्था मिलाइनेछ।
- प्रजनन उमेरका महिला, किशोरी र बालवालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उदेश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाइ उच्च प्राथमिकतामा राखिनेछ ।
- खोप बाट बचाउन सकिने रोगहरुको लागि स्वास्थ्यकर्मीहरु लाइ् अभिमुखीकरण, नमुना संकलन र ढुवानीको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- हिमाली गाउँपालिका वडा नं ३ को बौडीमा गाउँघर क्लिनिक ,खोप क्लिनिक स्थापना गर्न आवश्यक व्यवस्था मिलाउने छ ।
- चौविसै घण्टा स्वास्थ्य सेवामा खटिने स्वास्थ्यकर्मीलाई थप प्रोत्साहनको व्यवस्थापन मिलाईने छ ।
- पालिकाकाका दुर्गम वस्तीका लागि घुम्ती सेवा संञ्चालन गरि गर्भवतीका लागि भिडीयो एक्सरे सेवा प्रादान गरिनेछ ।
- हिमाली गाउँपालिकाका नागरिकहरुका लागि एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै गर्भवती, सुत्केरी महिलाहरुलाई र आपतकालिन अवस्थामा अस्पतालसम्म पुगाउनको लागि निःशुल्क एम्बुलेन्स सेवा साथै आवश्यकताको आधारमा थप आर्थिक सहायता प्रदान गरिने छ ।
- उपचार खर्च नभएकै कारण कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने उधेश्यका साथ् क्यान्सर रोगबाट पिडित व्यक्तिहरु, मुटु रोग , मृगौलाको अपरेसन तथा डाईलाइसिस गर्नुपर्ने समस्या भएका व्यक्तिहरु, दुर्घटनामा परि मेरुदण्ड, अन्य भाइटल अंग एवं टाउकोमा चोटपटक लागि

अपरेसन सम्म गर्नुपर्ने अवस्थाका बिपन्न परिवारका नागरिकहरुलाई विशेष उपचार खर्च सहायता उपलब्ध गराउने गरि बजेटको ब्यबस्था मिलाइने छ ।

- पाठेघर खसेका महिलाहरुको सम्पुर्ण उपचार खर्च गाउँपालिकाले व्यहोर्ने गरि बजेटको ब्यबस्था मिलाइने छ ।
- "म, मेरो स्वास्थ्य र मेरो जिम्मेवारी" भन्ने नारालाई अंगीकार गर्दै यस गाँउपालिकाका सबै वडामा स्वास्थ्य विमा गर्न जनतालाई प्रोत्साहित गरिने छ ।
- गुणस्तरीय खोप सेवालाई प्रर्वद्धन गर्नका लागि कोल्ड चेन कायम राख्न गाउँपालिका तहको कोल्ड चेन गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।
- नागरीकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारी एवम गैरसरकारी संघसंस्थाका साझेदार निकाय संगको समन्व तथा सहकार्यलाई थप प्रभावकारी बनाउने नीति लिइनेछ ।
- स्थानीय तहमा संघीय सरकार र प्रदेश सरकारकोको नीति तथा कार्यक्रम बमोजिमका प्राप्त हुने राष्ट्रिय कार्यक्रमहरु उपलब्धि मुलक हुने गरि कार्यन्वयन गर्ने नीति लिइने छ ।
- धुलाचार आधारभूत स्वास्थ्य सेवा केन्द्रमा आखाँ उपचार क्लिनिक तथा दाँत सेवा सुरुवात गरिने छ ।
- बिपन्न नागरिकहरुको स्वास्थ उपचारका लागि गरिने सिफारिसहरुको अभिलेखिकरण गरिनेछ। साथै नेपाल सरकारले दिर्घरोगिहरुलाई दिने मासिक स्वस्थ उपचार खर्चको सोधभर्नाका लागि, बिरामी दर्ता, नवीकरण तथा लागत कट्टागर्ने प्रणाली तयार गरि सन्चालन गरिनेछ ।
- बा.म २०८२/८३ सम्मका लागि जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) द्वारा संचालित **"Empowered communities and CSOs for inclusive nutrition governance in the hilly and mountain regions of Western Nepal"** (पश्चिमी नेपालको पहाडी र हिमाली क्षेत्रमा समावेशी पोषण सुशासनका लागि सशक्त समुदाय र नागरिक समाज निर्माण परियोजना) अन्तर्गतका कार्यक्रम संग गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन गरिने छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फः

- उपाध्यक्ष संग महिलाबालबालिका तथा दलित लक्षित सिप तथा क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिने छ ।
- लाभग्राहीसंगको लागत साझेदारीमा आधारित उपाध्यक्ष संग महिला तथा लक्षित समुह उधम विकास कार्यक्रम संचालन गरिनेछ ।
- न्यायिक समिति अन्तर्गत समुदायमा न्यायिक सचेतना कार्यक्रम र उपाध्यक्ष संग बाल बिबाह अन्त्यको लागि बाल बिबाह तथा छुवाछुत निरुत्साहन कार्यक्रम संचालन गरिने छ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

- १६ दिने लैंगिक हिंशा बिरुद्दको कार्यक्रम , नारि दिवस कार्यक्रम , दलित नेटवर्क संगको कार्यक्रम, महिला अधिकार मंच , अपांगता भएका व्यक्तिलाई सहयोग लगायत सवै लक्षित बर्ग कार्यक्रम संचालन गरिने छ ।
- युवा क्लब,बालक्लब ,स्थानीय ग्रामिण समुहहरु लगायत क्षेत्रमा संगलग्नलाई लागत सहभागिताका आधारमा नवप्रवद्दन, उधम्सिलता एबं सृजनसिलतामा आधारित सहयोग कार्यक्रम संचालन गरिने छ ।
- एकल महिलाहरुका लागि उद्यमी तथा व्यवसायिक बनाउनका लागि गाउँपालिकाले तत्थ्याकं संकलन गरी आवश्यक सीप र तालिकको व्यवस्था गरिने छ ।
- प्रत्येक वडामा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम संघ सस्थाहरुसँगको साझेदारीमा संचालन गरिने छ ।

*<u>सामाजिक सुरक्षा तर्फ</u>*

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान तथा नवीकरणमा सहजता र पारदर्शिता तथा भत्ता वितरणको कार्यलाई थप प्रभावकारी बनाउन राष्ट्रिय परिचय पत्र नम्वरको माध्यामबाट बायोमेट्रिक भेरीफिकेसन गर्नका लागि ७ वटै वडा कार्यालयहरुका लागि फिङ्गरप्रिन्ट मेसिन खरिद भइ सकेको र उक्त फिङ्गरप्रिन्टवाट सामाजिक सुरक्षा भत्ता नविकरणका लागि आ.व २०८२/८३ को साउन १ गतेबाट प्रत्येक वडा कार्यालयबाटनै कार्य संचालन गर्न आवश्यक प्रविधि र जनशक्ती परिचालनको व्यवस्था मिलाउनको लागि विशेष पहल गरिने छ।
- व्यक्तिगत घटना दर्ता अभियान संचालन गर्न वर्षको एक पटक प्रत्येक वडाहरुमा घुम्ती सेवा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्न आवश्यक बजेटको व्यवस्थाको लागि पहल गरिनेछ ।
- गाउँपालिकाभित्र अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुको पहिचान गरि समय अनुकूल परिचयपत्र वितरणका लागि आवश्यक बजेटको व्यवस्थाको लागि पहल गरिने छ ।
- पालिका भित्रका ५५ वर्षभन्दा माथि ६५ वर्षभन्दा तलका अविवाहित पुरुषलाई गाउँपालिकाको तर्फवाट मासिक रुपमा एकल पुरुष सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्न आवश्यक पहल व्यवस्थापन मिलाइनेछ ।
- हिंशा पिडित महिला, सुत्केरी कोशेली कार्यक्रम , आपतकालीन बाल संरक्षण, आपतकालीन महिला संरक्षणको लागि कोषको रुपमा रकम विनियोजन गरि परिचालन गरिनेछ ।
- **(महिला उद्यमी महिला व्यावसायमा लगनी हिमाली समृद्धिको थालनी)** गरी महिला लाइ उद्यमी तथा व्यवसायिक बनाउनका लागि गाउँपालिकाले तत्थ्याकं संकलन गरी आवश्यक सीप र तालिकको र प्रविधि हस्तान्तरणको व्यवस्था मिलाइनेछ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

- गाउँपालिका भित्रका ६५ बर्ष भन्दा माथि र ६८ बर्ष भन्दा तलका जेष्ठ नागरिकहरु र ग र घ वर्गका सम्पूर्ण अपाङ्गहरुलाई सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

अपाङ्गमैत्री संरचनामा निर्माणमा जोड दिईने नीति लिईने छ ।

गाउँ सभाका सदस्य ज्युहरु,

ग) पूर्वाधार विकासतर्फ नीतिहरुः

- हिमाली गाउँपालिकाका गौरवका आयोजनाहरुमा जस्तै १० सैया अस्पताल, कवाडी जलविद्युत आयोजना, वृहत लिफ्टिङ्ग खानेपानी आयोजना, औद्योगिक क्षेत्र, जडीबुटि उद्योग, विच्छयाँ रानिसैन सडक, धुलाचौर बुढिनन्दा सडक, धिम फैती रुगीन विच्छयाँ सडक निर्माण आयोजनाहरुलाई प्राथमिकता साथ अगाडी बढाईने छ ।
- हिमाली गाउँपालिका सबै निर्माण भएका सडकको स्तरउन्नती गर्नुको साथै हिमाली गाउँपालिकाको सडक सञ्जालसँग नजोडिएका वडा नं १,२ र ३ मा सडक पुगाउने गरी बजेट व्यवस्थापन मिलाईने छ ।
- नयाँ बनाईने सडकहरुको लागि बायोईन्जिनिरियङ्ग अवधारणा ल्याईने छ ।
- असारे बजेट खर्च गर्ने परम्परालाई निरुत्साहित गर्दै निर्माण कार्यलाई समयमानै सम्पादन गर्ने गरी आवश्यक कार्य गरिने छ ।
- नजिकै रहेको कर्णालीको पानी लिफ्टिङ्ग प्रणालीद्वारा धुलाचौरमा खानेपानी र सिचाँइका लागि प्रयोग गर्ने गरि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- हिमाली गाउँपालिकामा रहेका वाँझो जग्गा,जमिन र सडक किनारामा वृक्षारोपण कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका बाट बजेट विनियोजन गर्दा गाउँपालिकाका गौरवका आयोजना, आर्थिक लाभ हुने, रोजगारी सृजना हुने, पुराना तथा अधुरा आयोजनाहरुलाई मर्मत सम्भार तथा पुरा गर्ने विद्युत, खानेपानी, सडक, सञ्चार, सिचाई योजनामा बजेट विनियोजनमा प्राथमिकता दिईने छ ।
- धुलाचौर आसपास लगायतका बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहोर व्यवस्थापनका लागि धुलाचौरमा डम्पिङ साइट निर्माण कार्य लाई थप व्यवस्थित गरिने छ।
- स्थानीय स्तरमा पाईने निर्माण सामाग्री जस्तै ढुगां, बालुवा, गीट्टीको निकासीको लागि आई इई गरि दर रेट निर्धारण का साथै कार्यन्वयनमा ल्याईने छ ।
- भवन मापदण्ड लागू गरी नयाँ घर टहरा निर्माण गर्दा नक्सा पास गर्नुपर्ने छ साथै सुरक्षित निजि आवासको लागि यस गाउँपालिका भित्रका कुनै पनि नागरिकलाई निशुल्क परामर्श सहित घरहरुको नक्सा उपलब्ध गर्ने व्यवस्था मिलाईने छ ।
- स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९को दफा ५७ बमोजिम घर बहाल कर दफा ५८ बमोजिम व्यवसाय कर र दफा ५९ बमोजिम बहाल बिटौरी शुल्क उठाउने व्यवस्था मिलाईने छ ।

- यस हिमाली गाउँपालीका भित्रका १ देखी ७ वडा मा रहेका सम्पूर्ण सरकारी र सार्वजनिक जग्गाको फिल्ड रेखाङ्कन गरी व्यक्तिगत प्रयोजनको लागी अतिक्रमण गरिएका जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाईने छ ।
- कित्ताकाट विनाका जग्गा पास यस पालीका स्तरबाटै प्रत्येक महिनाको एक पटक पालीकामा नै जग्गा पास गर्ने आवश्यक व्यवस्था मिलाईने छ ।
- जग्गा वर्गिकरण गरि करको दायरामा ल्याईने छ ।
- प्रत्येक ठुला आयोजनाको हकमा अनिवार्य डि.पी.आरं तयार गरि योजना बैंक निर्माण गर्ने गरि आवश्य कार्य गरिने छ ।
- विपत व्यवस्थापन लगाएत सडक निर्माण तथा मर्मत र अन्य आयोजनामा मर्मत गर्नका लागि पालिकाको व्याक लोडर (डोजर) थप व्यवस्थित गरिने छ ।
- गाउँपालिकाको सम्भव भएका स्थानहरुका खेती योग्य जमिन बाँझो नराखको लागि सिचाँई सेवा विस्तारमा जोड दिईने छ ।
- पम्पानी मैतार्ना सम्मको सडक निर्माण कार्य अन्तिम चरममा पुगिसकेको र मैतार्नाको कुवाडी नदीमा पक्कि पुलको लागि प्रदेश सरकार संगको समन्वयमा कार्य सुचारु गरिने तथा तत्कालका लागि सवारी साधन आवातजावत गर्न मिल्ने गरि वैकल्पिक काठेपुल निर्माण गरि बिच्छय,युना बौडी सम्म सडक निर्माण गरिने साथै बौडी देखि गुम्बा लाम्पाटा हुदै रानीसैन सम्म पर्यटकीय पदमार्ग बनाउने गरि आवश्यक बजेटको व्यवस्थापन मिलाइने छ ।
- क्युडी रुम्दी सडक संजाल ,कोटिगाउ कोट नाति खोला बिच्छया  सडक संजाल जोड्ने गरि बजेटको व्यबस्थापन मिलाइने छ ।
- कादुरी लगायत साझेदार संस्था संगको समन्वयमा हिमाली गाउँपालिका वडा नं १,२ र ३ का सबै आवश्यक पर्ने स्थानहरुमा झुलंगे पुलहरुको निर्माण कार्य गरिने छ ।

रोजगार तर्फ

- युवा लक्षित रोजगार कार्यक्रमलाई जोड दिईनुको साथै गरीव तथा बिपन्न दलित आदीबासी जनजाती एकल महिला न्यून आए भएका व्यक्तीलाई रोजगारीमा प्राथमिकता दिइने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य र कार्य नीतिका सम्वन्धमा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा नागरिक समाजसंग छलफल तथा अन्तक्रिया गर्ने (आफ्नै पौरख आफनै  गौरव) कार्यक्रम संचालन गरिने छ ।
- स्थानीय तहबाट रोजगार मन्च गठन गरी रोजगारीका सम्भाब्व्यताको पहिचान समस्याको निदान र रोजगारी नबिनतम  उपायको बिधि बिधान बिकास रोजगारी नीति कार्यक्रमका सम्बन्धमा छलफल गर्न क्रियाकलाप रोजगार नीति बिकासको बिधि संचालन गरिने छ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

- बैदेशिक रोजागरीबाट फर्किएका ब्यात्तिहरुलाई रोजगारी सिर्जना तथा सुरक्षित वैदेशिक रोजगार सहयोग कार्यक्रम संचालन गरिने छ ।
- सामी कार्यक्रम लागु गरि मनोसामाजिक परामर्शकर्ताको ब्यवस्थापन गरि कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

विधुत तथा उर्जा तर्फ

- हिमाली उज्यालो कार्यक्रम भन्ने नारालाई साकार पार्न कुवाडी लघु जलविद्युत आयोजना, नातिखोला लघुजलविधुत आयोजना, दहछाल लघुजलविधुत आयोजना लाई आवश्यकताको आधार मर्मतसम्भार एवं ब्यबस्थापन गरिनेछ ।
- यस गाउँपालिकाको वडा नं. ३ गुम्बा गाउँ लगाएत तत्काल विद्युत पुगाउन नसकिने वस्तीहरुमा विभिन्न संघ संस्था र सरकारी निकायहरु सँग समन्वय साझेदारी गरि वैकल्पिक सौर्य ऊर्जाको लागि आवश्यक कार्य गरिने छ ।
- हिमाली गाउँपालिकाभित्रका विधुत प्रशारण लाइन नपुगेका बस्तिहरु र गुणस्तरीय एवं दिगो भरपर्दो टेलिफोन सेवा तथा इन्टरनेट सेवा संचालन गर्नको लागि सबै टेलिफोन टावर सम्म विधुत प्रशारण लाइन बिस्तार गर्ने गरि बजेटको ब्यबस्थापन मिलाइने छ ।

सञ्चार तर्फ :

- गाउँपालिकाको वेबसाईटलाई अध्यावधिक राखी महत्वपूर्ण निर्णय, जानकारी र सूचनाहरुलाई वेबसाईटमा राखे कार्यलाई प्रभावकारी बनाईने छ ।
- गाउंपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधाहरुलाइं क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट संचालन गर्दै लगिने छ ।
- गाउँपालिकाका समग्र गतिविधिहरुलाई वार्षिक, अर्धवार्षिक बुलेटिन प्रकाशन गरि सार्वजनिक गरिने छ ।
- सचार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धि गरिने छ । शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगाएतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिने छ ।
- गाउंपालिका भित्रका सबै बस्तीलाई इन्टरनेटको पहुँचमा ल्याउने गरी आवश्यक कार्य गरिनेछ साथै गाउँपालिका केन्द्रमा फाइबरनेट जडान गरिने छ ।
- दुर्गम तथा पिछडिएको क्षेत्रका नागरिकहरुलाई टेलिफोनको पहुँचमा ल्याउन हिमाली गाउँपालिका वडा नं १ विच्छयाँ वडा नं ५ कुवाडी र वडा नं ३ को गुम्बामा फोनको टावर निर्माण गर्नका लागि आवश्यक कार्य अगाडी बढाइने छ ।

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः

गाउँ सभाका सदस्य ज्युहरु

- गाउँपालिकामा भएका विद्यमान प्रकोपहरु तथा त्यसबाट हुने विपद्जन्य अवस्था र क्षतिको पहिचान गरी तिनको न्यूनीकरण गर्न समाधानका उपायहरु पहिचान गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका क्षेत्रमा लोप हुँदै गएका तथा पशुजन्य घाँसका विरुवा तथा घासे चरीचरण उत्पादनमा जोड दिई नीजि तथा सामुदायिक वनको खाली तथा बाँझो जग्गामा वृक्षारोपण कार्यलाई पशुजन्य उत्पादन र उत्पादकत्व वढाउने कार्यलाई प्राथमिकता दिइनेछ ।
- यस गाउँपालिकामा विपद्जन्य बाढी पहिरोको कारण विस्थापित भएका फैती दलित वस्ती र क्युडी वस्तीका निर्माणधिन घरहरु निर्माण कार्य सम्पन्न गरी सम्झौता बमोजिम लाभग्राहीलाई रकम उपलब्ध गराउने र बोर्ता गाउँ ,बोल्ढीक गाउँ, वक्षाँ गाउँ लगाएत हिमाली १, २ र ३ का प्राकृतिक प्रकोप प्रभावितहरुका घरहरु पुनः निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- वन उपभोक्ता समिति संगको सहकार्यमा वन तथा वातावरण सम्वन्धि कार्यक्रमहरु संचालन गर्दा जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा गरिव तथा विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पुऱ्याउने कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिइने छ ।
- प्रत्येक वडाहरुमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सामाग्रीहरु र खोज तथा उद्धारका लागि आवश्यक पर्ने न्यूनतम सामाग्रीहरुको व्यवस्था गरिने छ ।
- वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई खोज तथा उद्धार र राहतको लागि बजेट व्यवस्था गरिने छ ।
- विपद् जोखिम न्यूनीकरणमा कार्यरत विभिन्न सरकारी, गैरसरकारी तथा अन्य सरोकारवालाहरुको भूमिका पहिचान गरी समन्वयात्मक ढंगले एकिकृत रुपमा कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गरिने छ।
- प्रारम्भीक चरणमा फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडा टोल टोलमा टोल सुधार समिति मार्फत पुर्ण सरसफाई अभियानको थालनी गरिने छ ।
- दैविक प्रकोपका कारण पालिका भित्रका कुनै नागरिकहरुको धनजनको क्षेती हुन पुगेमा आवश्यक राहत वितरण र उद्धारको लागि निशुल्क एम्बुलेन्स परिचालनको व्यवस्थापन गरिने छ।
- वातावरण संरक्षण र सिंचाईलाई समेत उपोयोगिको रुपमा लिईने गरी प्राचिन पोखरीको संरक्षणमा जोड दिईने छ । साथै ग्रीनहाउस निर्माण तथा खरिद र वितरण गरीने छ ।
- स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरिने छ ।
- विपद्का समयमा खाद्य श्रृङखला अवरुद्ध हुने हुँदा आवश्यकताका आधारमा खाद्यान्न ढुवानीमा अनुदान दिइने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका भित्रका नागरिहरु दैविक प्रकोपमा परि कसैले ज्यान गुमाउनुपरेको अवस्था आएमा गाउँपालिकाले दाह सस्कार लगायत आवश्यक सहयोगको लागि रकम तथा अन्य बन्दोवस्त उपलब्ध गराइने गरि बजेट व्यवस्थापन गरिने छ ।

- सरकारी तथा गैरसरकारी संघ संस्थासंगको सहकार्यमा जलाधार, झरना आदीको संरक्षण तथा भु-संरक्षणमा जोड दिईने छ ।
- वन्यजन्तुको चोरी शिकारी, वन डढेलो र अवैध रुपमा जडिवुटीको चोरी निकासीलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न सुरक्षा संयन्त्रको सहयोगमा एकिकृत घुम्ती अनुगमनलाई विशेष प्राथमिकताका दिइनेछ।
- निजी आवास निर्माण अनुमती दिदा अनिवार्य रुपमा २ रुख रोप्ने गरी प्रर्तिवद्धता गराई सम्पन्न दिदा विरुवा रोपेका आधारमा मात्र सम्पन्न प्रमाण पत्र दिईने छ ।
- वन फैंडानी र क्षयीकरण घटाउने कार्य र वृक्षारोपणलाई उच्च प्राथमिकतामा दिइनेछ ।
- यस पालिकाको क्षेत्रका संवेदनशील र जोखिममा रहेका सिमसार, पोखरी, ताल तलैयाहरुको संरक्षण गर्ने कार्यक्रम समावेश गरि स्थानीय युवा महिला र सामाजिक संघ संस्थाहरुको सहभागितामा अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- विपद बाट बच्नको लागी पुर्व तयारी सम्बन्धी नितिगत , संरचनागत, श्रोत साधन र औजार उपकरणको प्रवन्ध मिलाइनेछ ।

ङ) सुशासन तथा संस्थागत विकास समिति तर्फः

- कुपोषण र गरिवीको मुल कारक तत्वको रुपमा रहेको बालविवाहलाई न्यूनीकरण गर्न उच्च शिक्षा हासिँल गरी कानूनीरुपमा उमेर पुगेर विवाह गर्ने छोरीहरुलाई उचित पुरस्कारको व्यवस्था मिलाईने छ ।
- कर्मचारीहरुको कार्य प्रक्रियालाइ वैज्ञानिक ढङगले व्यावस्थापन गर्न समय सापक्षे विभिन्न सिपमुलक तालिम तथा सेवाकालिन तालिम संचालन गरिनेछ । विभिन्न शाखा प्रमुखहरु सँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनि गरिनेछ ।
- यस आर्थिक वर्षमा सबै वडा कार्यालयमा डिजिटल नागरीक वडा पत्र राखी वडा कार्यालय बाट गरिने कामहरु डिजिटाईजेसन प्रणालीलाई प्राथमिकीकरणका आधारमा लैजाने व्यवस्था मिलाईने छ।
- गाउँपालिका गतिविधि सम्बन्धमा मासिक , चौमासिक र अर्धवार्षिक बार्षिक कार्यसम्पादन प्रगति विवरण सार्बजनिक गरि बार्षिक बुलेटिन प्रकाशान गरिनेछ ।
- कर्मचारी र पदाधिकारीको मनोवल उच्च राख्न सकारात्मक सोच लगाएत विभिन्न तालिम तथा ज्ञान दिने आन्तरीक पर्यटकिय भ्रमण जस्ता कृयाकलापलाई प्राथामिक्ता दिईनेछ भने काम नगर्ने जिम्मेवारी नलिने सूचना प्रविधि मुलक टेक्नोलोजि प्रयोग गर्न नजान्ने तथा नसक्ने गाउँपालिकाको समग्रह विकाश गतिविधि र सेवा प्रवाहमा असर पुर्याउने र गाउँपालिका पदाधिकारी विरुद्द अनावश्यक गतिविधि गर्ने कार्यलयमा पटक पटक अनुपस्थित रहने कर्मचारी लाई अन्यत्र सरुवा

CamScanner

भई जाने गरी सहमति तथा सम्बन्धित निकायमा पत्रलेखी पठाउनुका साथै करार कर्मचारीहरुको हकमा करार सम्झौता रद्द सम्म गरिनेछ ।

- कर्मचारी सहायताका लागि छुट्टै एक गाउँपालिका स्तरमा कर्मचारी कल्याणकारी कोषको स्थापना गरिने छ ।
- जनताको वास्तविक आवश्यकता लाई मध्यनजर गरी ७ वटै वडाका विकट वस्तिमा कम्तिमा एक पटक एकिकृत घुम्ति शिविर सञ्चालन गरी प्रभावकारी घर दैलो सेवा प्रदान गरिने छ ।
- गाउँपालिका भित्रका शाखा वडा कार्यालय र अन्य सम्पूर्ण सघ संस्थाले प्रत्येक महिनामा आफ्नो कामको प्रगति प्रतिवेदन सहित सार्वजनिक सुनुवाई गर्ने र गाउँपालिका वाट सञ्चलित योजनाको अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने कार्यमा जोड दिईनेछ ।
- नेपाल सरकार सघिय सञ्चित कोषमा आधारित राजश्वको सफ्टवयर सञ्चालनमा ल्याई सकेकोले प्रत्यक वडाबाट नै राजश्व सकलन गर्ने व्यावस्था मिलाईने छ ।
- गाउँपालिकामा विवाद समाधान गर्नका लागि एक ईजलास व्यवस्थापनको आवश्यक ब्यवस्थापन गरिनेछ ।
- प्रचलित सार्वजनिक खरिद ऐन, खरिद निमावली एवं संसोधन सहित कानुनको अधिनमा रहि ठुला योजना तथा आयोजनाहरु निर्माण व्यावसाहीहरुलाई ठेक्का प्रणली द्वारा प्रतिस्पर्दा गराउने तथा साना योजनाहरु उपभोक्ता समिति मार्फत निर्माण गर्ने गराउने नीति लिईने छ ।
- प्रत्येक वडामा मेलमिलापकर्ता गठन भई सकेकोले वडा स्तरबाटनै विवाद समाधान हुने खालका मुद्दा लाई वडा कार्यालयबाट नै विवाद समाधान गर्ने व्यवस्था मिलाईने छ ।
- हिमाली गाउँपालिका बाट पारित भै सकेका ऐन, नियम र कार्यविधि लाई राजपत्रमा प्रकाशन गर्ने र निर्माण गर्नु पर्ने कानुन निमाण गर्ने कार्यलाई प्राथामिकता दिईनेछ ।
- गाउंपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना, र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमता युक्त र प्रभावकारि बनाउदै अत्यावश्यक रित्त दरबन्दीहरुमा नियमअनुसार पदपूर्ति गरिनेछ ।
- हिमाली गाउँपालिका वडा नं.७ र बुडीनन्दा न.पा. वडा नं. १ को पादुका त्यस्तै गरि हिमाली गाउँपालिका वडा नं ३ रानीसैन र हुम्ला जिल्लाका रानीसैन संग सिमाना जोडिएका पालिकाहरु संग समन्वयात्मक बैठक बसी सिमा बिबादको समस्या समाधान गर्ने गरि आवश्यक कार्य गरिने छ ।
- रेरास परियोजना २०२५ द्वारा हिमाली गाउँपालिका अन्तगत संचालित कार्यक्रम संग साझेदारी गर्ने गरि बजेटको ब्यवस्थापन गरिने छ ।
- INF नेपाल , फेज नेपाल लगायतअरु हिमाली गाउँपालिका अन्तगत संघ संस्थाहरुले संचालन गर्ने कार्यक्रम संग साझेदारी गर्ने गरि बजेटको ब्यवस्थापन मिलाइने छ ।

CamScanner

- हिमाली गाउँपालिका वडा नं. ३ को लाम्पाटा च्या चौरमा अस्थाई प्रहरी चौकी भवन बनाइ प्रहरी चौकी स्थापनाको लागि आवश्यक कार्य गरिने छ ।
- मेलमिलाप कर्ताकोलागि पुनर्ताजकी तालिम संचालन गरिने छन् ।
- आगोलागी नियन्त्रणको लागि आवश्यक ब्यबस्थापन मिलाइने छ ।

सभाका सदस्य ज्युहरु,

अन्त्यमा विकास प्रेमी तपाईहरु सवै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी आम स्थानीय नागरिक, राजनीतिज्ञ, वौद्धिक वर्ग र समाज सेवीहरुको व्यापक सहभागितामा हिमाली गाउँपालिकाको समस्त आर्थिक, समाजिक, मानविय , भौतिक तथा वातावरणीय विकास गर्ने गरी तर्जुमा गरिएको यो नीति तथा कार्यक्रम वजेट मार्फत स्वीकृत गरी कार्यान्वयनमा सकृय सहभागि भई दिनु हुन श्रद्धेय उपाध्यक्षज्यू लगायत सवै गाउँ सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगाएत सवै राष्ट्र सेवक कर्मचारी मित्रहरु र सम्पुर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु ।त्यसैगरी गाउपालिकाको विकास तथा परिवर्तनको अभियानमा सहयोग गर्नुहुने संघिय सरकार ,प्रदेश सरकार, गै.स.स. लगायत सरोकारवाला र हिमाली गाउँपालिका बासि सवैलाई धन्यवाद दिन चाहान्छु ।

जय हिमाली !

गोविन्द वहादुर मल्ल
अध्यक्ष
हिमाली गाउँपालिका धुलाचौर,वाजुरा

गोविन्द बहादुर
गाउँपालिका अध्यक्ष

हिमाली गाउँपालिकाको कार्यपालिकाको कार्यालय धुलाचौर, सुदूरपश्चिम प्रदेश